आ.व. २०८१/०८२
मिति – २०८१/४/६
बैठक सङ्ख्या - १
समय – विहान ८ वजे
स्थान – कुम्मायक गाउँपालिका बैठक कक्ष

आज मिति २०८१ श्रावण ६ गते आइतबारका दिन यस कुम्मायक गाँउकार्यपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाँउकार्यपालिकाको वैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरियो।

उपस्थितिः

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वंम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री देवेन्द्र कुमार लावती | सदस्य | |
| ४ | श्री वालकृष्ण शेर्मा | सदस्य | |
| ५ | श्री बाबुराम कार्की | सदस्य | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | सदस्य | |
| ७ | श्री निर्मल राज घिमिरे | सदस्य | |
| ८ | श्री गंगा देवि बोहोरा | सदस्य | गंगा |
| ९ | श्री बेद माया चापागाइ | सदस्य | |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | |
| ११ | श्री धनमाया तामाङ्ग | सदस्य | धनमाया |
| १२ | श्री डिक बहादुर दर्जी | सदस्य | |
| १३ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १४ | श्री गणेश अधिकारी | सदस्य सचिव | |
| | अन्य उपस्थितिः | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |

**बैठकमा पेश भएका विषयहरु**

**जानकारीको लागि**

१ सूचना प्रबिधि अधिकृत १ र अस्पताल फार्मेसी १

२ पृथ्बि मा बि भवन निर्माण प्रस्तवना पेश

३ समिति गठन (मूल्याङ्कन र खरिद इकाइ)

**निर्णय लिनु पर्ने विषयहरु**

१ कुम्मायक कुशायक पर्यटन प्रबर्धन कार्यक्रमको लागि रकम माग गर्ने सम्बन्धमा

२ रिक्त दरबन्दिमा सरुवा भइ आउन चाहने कर्मचारीलाइ सहमतिका लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा

३ महिला स्वयंसेविकाहरुको खाजा खर्च सम्बन्धमा

४ कुम्मायक आधारभुत अस्पतालमा रेविजको खोप सन्चालनका लागि खोप माग गर्ने सम्बन्धमा

५ स्वास्थ्य बिमा सन्चालन कार्यबिधि सम्बन्धमा

**जानकारी**

**१ सूचना प्रबिधि अधिकृत १ र अस्पताल फार्मेसीष्ट १ जनाको छनौट प्रकृया सम्बन्धमा:**

गाउँपालिकाको कार्यालयमा रहेको रिक्त सूचनाप्रबिधि अधिकृत र कुम्मायक आधारभुत अस्पतालका लागि फर्मासिष्टको बिज्ञापन गरी देहाय बमोजिम आबेदन पर्न आएकोले प्राप्त आबेदनको करारमा कर्मचारी नियुक्ति सम्बन्धि कार्यबिधि अनुसार कर्मचारी छनौट समितिले छनौट प्रकृया अगाडी बढाएको जानकारी गरियो ।

तपशिल

१ सूचना प्रबिधि अधिकृत पदमा ५ जनाको आबेदन

२ अस्पताल फार्मेसीष्ट पदमा ४ जनाको आबेदन

**२ समिति गठन खरिद मूल्याङ्कन समिति र खरिद इकाइ समिति गठन सम्बन्धमा:**

सार्बजनिक खरिद नियमावली २०६४ अनुसार देहाय बमोजिमको समिति देहाय बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट गठन भएको जानकारी भयो ।

**क) खरिद इकाइ**

(१) संयोजक - प्रदिपसिं तामाङ (शिक्षा अधिकृत, सातौं)

(२) सदस्य - सबिन खतिवडा (कृषी अधिकृत, सातौं)

(३) सदस्य - विपिन निरौला (लेखा सहायक, पाँचौं)

(४) सदस्य – केश चेम्जोङ (प्रशासन सहायक, पाँचौं)

(५) सदस्य - रबिन्द्र कुमार यादब (सब-इन्जिनियर, पाँचौं)

**ख) खरिद मूल्याङ्कन समिति**

१) अध्यक्ष -प्रमुख प्रशासकीय अधिकृत श्री गणेश अधिकारी

२) सदस्य -लेखा प्रमुख श्री प्रबिन राई

३) सदस्य -खरिद हुने शाखाको शाखा वा विषयगत समिति सद्य सचिब

४) सदस्य -उजुरी प्रशासक श्री रुमा बोहोरा

५) सदस्य सचिब -खरिद इकाइको संयोजक श्री प्रदिपसीं तामाङ

**३ पृथिब मा बि भवन निर्माण प्रस्तवना पेश सम्बन्धमा**

कार्यपालिकाको मिति २०८१।०३।०९ गतेको निर्ण अनुसार उच्च प्रभाब युक्त आयोजना अन्तरगत फर्निचर सहितको भवन निर्माण, विद्यालयक्षेत्र घेराबारा र विद्यालय बस समेत एकिकृत रुपमा लागत अनुमान रु १७,०५,८९,१०९।७६ को निम्न कागजात सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा मिति २०८१।०४।०२ गते पेश गरिएको जानकारी गरियो ।

तपसिल

१ प्रस्ताबित विद्यालयको नक्साको फोटोकपी पाना ९ (DPR summary)

२ जग्गा धनिपुर्जाको फोटोकपी पाना १ (किता नं २०६)

३ जग्गाको नक्साको फीटोकपी पाना १

४ माटोपरिक्षण पाना ४६ (PDF)

५ लागत अनुमानको ५% लागत अनुमान साझेदारी गर्ने प्रतिबद्धतापत्र पाना १

६ प्रस्तावना पाना ४

**निर्णयहरु**

**१. कुम्मायक कुशायक पर्यटन प्रबर्धन कार्यक्रमको लागि रकम माग गर्ने सम्बन्धमा:**

संघीय सरकार संस्कृती पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयको साझेदारीमा यस गाउँपालिकाको कुम्मायक कुशायक पर्यटन क्षेत्र पर्यटन विकास आयोजना सञ्चालनमा रहेकोमा मन्त्रालयबाट समयमा बजेट प्राप्त नभएकोले तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेको हुदा निर्माण व्यवसायीको कार्य सम्पन्न गर्ने म्याद मिति २०८१।११।३० सम्म थप गरिएकोमा हाल सम्म भौतिक प्रगती ५५प्रतिशत र आर्थिक प्रगती ४६.५४ प्रतिशत भएको छ । सो आयोजना थप भएको म्याद भित्र कार्य सम्पन्न गर्नका लागि गाउँपालिकाले साझेदारी गर्नु पर्ने रकम सुनिश्चित गरिएकोले मन्त्रालयबाट निकासा हुन बाकी रहेको रकम रु १,१०,३६,०२८ रुपैया निकाशाका लागि मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**२. रिक्त दरबन्दिमा सरुवा भइ आउन चाहने कर्मचारीलाइ सहमतिका लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा:**

एक स्थानीय तहबाट अर्को स्थानीय तहमा २ वर्ष सेवा अवधी पुगेका सरुवा हुन चाहने कर्मचारीहरुलाइ दोहोरो सहमतिमा सरुवा गर्नलाइ कोशी प्रदेशले मिति २०८१.०४।०२ गते सूचना प्रकाशित गरेको हुँदा यस पालिकाको स्वीकृत दरबन्दी तेरीज अनुसार रिक्त भएका निम्न पदहरुमा सरुवाभइ आउन चाहने स्थानीय तहका कर्मचारीहरुलाइ सहमति प्रदान गर्ने सार्बजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

**तपशिल**

१ प्रशासन सेवा अधिकृत तह सातौ २ जना

२ इन्जिनियर सिभिल तह सातौ १ जना

३ प्रशासन सेवा सहायक स्तर पाँचौ ५ जना

४ कृषी सेवा भेटेरिनरी समुह सहायक चौथो १ जना

५ कृषी सेवा सहायकस्तर चौथो ३ जना

६ सब इन्जिनियर सिभिल १ जना

**३ महिला स्वयंसेविकाहरुको खाजा खर्च सम्बन्धमा**

गत विगतदेखी महिला स्वयंसेवकहरुलाइ मासिक रुपमा खाजा भत्ता दिइदै आएकोमा चालु आ व मा बजेट बिनियोजन नभएकोमा महिला स्वयंसेविकाहरुले पाइ रहेको सेवा सुविधा नकाटियोस भनि अनुरोध गरेको हुँदा सो सेवा सुबिधाको निरन्तरताको लागि मासिक रु ५००० (पाँच हजार) को दरले भत्ता उपलब्ध गराउने गरी बजेट बिनियोजन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**४ कुम्मायक आधारभुत अस्पतालमा रेविजको खोप सञ्चालनका लागि खोप माग गर्ने सम्बन्धमा**

गाउँपालिका भित्र बिभिन्न स्थानबाट आएका सामुदायिक (बेवारिसे) कुकुरहरुबाट मानिसलाइ टोक्ने गरेकोले सोको उपचारका लागि (इन्जेक्सन लगाउन) फिदिम अस्पताल जानु पर्ने भएकोले तत्काल यातायात सुबिधा नहुने साथै सेवा लिन खर्चिलो पनि भएकोले आम नागरिकहरुलाइ कुम्मायक अस्पतालबाट नै उपचार गर्ने व्यपस्थाका लागि रेविज बिरुद्धको उपचारका लागि आवश्यक भ्याक्सिपन (इन्जेक्सन) उपलब्ध गराइ दिन कोशी प्रदेश स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा बिभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**५ स्वास्थ्य बिमा सञ्चालन कार्यबिधि सम्बन्धमा**

कुम्मायक आधारभुत अस्पतालबाट स्वास्थ्य बिमाको प्रथम बिन्दुको रुपमा सञ्चालन गर्नका लागि स्वास्थ्य बिमा बोर्डले तोकेको मापदण्ड अनुसारको कार्य सञ्चालन एवं पूर्वाधार तयार गर्न निम्न अनुसारको स्थानीयस्वास्थ्य बिमा गठन तथा सञ्चालन गर्ने निर्देशिका २०८१ लागु गर्ने निर्णय गरियों ।

## स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन / संचालन कार्यविधि, २०८०

प्रस्तावनाः

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजिकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोकें बमोजिमको एक स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहेनछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वान्छनीय भएकोले स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य बीमा बोर्डले देहायको प्रदेश तह स्वास्थ्य बीमा संयोजन समिति संचालन कार्यविधि, २०८१ स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति संचालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन गरेको मिति देखी लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ ।

(ग) "नियमावली" भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ सम्झनु पर्छ ।

(घ) पालिका भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई जनाउनेछ ।

(ङ) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्छ ।

(च) संयोजन समिति भन्नाले नियम २६ बमोजिम स्थानिय तहले गठन गरेको स्वास्थ्य बीमा संयोजन समिति सम्झनु पर्छ ।

## परिच्छेद २
## समितिको गठन

(छ) संयोजन समिति गठन: (१) नियम २६ बमोजिम पालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको पालिका स्तरिय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहने छ ।

(क) प्रमुख / अध्यक्ष, सम्वन्धित पालिका - संयोजक

(ख) प्रमुख / अध्यक्षले मनोनित गरेको बढी जनसंख्या भएका कुनै एक वडाका अध्यक्ष - सदस्य

(ग) प्रमुख / अध्यक्षले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्था -सदस्य

(घ) प्रमुख / अध्यक्षले मनोनयन गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक र एक महिला स्वयंसेविका सहित दुइ जना -सदस्य

(ङ) शाखा प्रमुख, स्वास्थ्य विषय हेर्ने -सदस्य

(च) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड (सम्वन्धित पालिका) -सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य

(२) संयोजन समितिको बैठक आवश्यकता अनुसार वर्षमा कम्तिमा चार पटक बस्नेछ ।

(३) सदस्य सचिवले बैठकको कार्यसुचि संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(५) बैठकमा कुनै खास विषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) सदस्यहरुलाई बैठक वस्ने जानकारी र बैठकमा पेश हुने कार्यसुचि सामान्यतया तीन दिन अघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौबिस घण्टा अघि जानकारी दिई बैठक वस्न बाधा पर्ने छैन ।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(९) सचिवालयको काम सम्बन्धित पालिकाको कार्यालयले गर्नेछ ।

३. काम, कर्तव्य र अधिकार : संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पालिकाको क्षेत्रभित्र कार्यक्रम विस्तार गर्ने प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने,

(ख) पालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन सहजिकरण गर्ने,

(ग) अति गरिव परिवारलाई कार्यक्रममा आवद्ध गर्न पालिका र बोर्डबीच समझदारी गर्ने,

(घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुविधा उपलब्ध गराउन वा वृद्धि गर्न बोर्डसंग साझेदारी गर्ने,

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन सक्ने,

(च) पालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर वृद्धि गर्ने गराउने,

(छ) बीमाबाट प्रदान गरिने औषधिहरु पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुद्वारा संचालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने,

(ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलब्धता हुने व्यवस्था गर्ने, गराउने,

(झ) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तता, स्तरोन्नति र पूर्वाधार अभिवृद्धिमा सहयोग गर्ने,

(ञ) कार्यक्रम प्रवर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसंग समन्वय गर्ने,

(ट) संयोजन समितिले आवश्यक देखेका बिमा कार्यक्रमसंग संवन्धित अन्य विषयहरु ।

४. बजेट : स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय सन्चालनको लागि आवस्यक खर्चको व्यवस्था पालिकाले गर्न सक्नेछ ।

## परिच्छेद ३

## विविध

५. कार्यविधिमा संशोधन: पालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

६. बाधा अड्काउ फुकाउने अधिकार : यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अडचन पर्न आएमा पालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

७. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानूनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

प्रमाणित
२०८१।८।६